# नेपाल लेखापरीक्षणमान २५०

## वित्तीय विवरणको लेखापरीक्षणमा कानून तथा नियमहरूका सम्बन्धमा विचार गर्नुपर्ने कुरा

(अन्तराष्ट्रिय गुणस्तर नियन्त्रणमान, लेखापरीक्षण पुनरावलोकन, अन्य आश्वस्तता तथा सम्बद्ध सेवाहरु घोषणाहरुको हाते पुस्तक सन् २०१० अंग्रेजी संस्करणको अनुवाद)

### विषयसूची


| | अनुच्छेद |
|---|---|
| **परिचय** | |
| यस ने.ले.प.मा.को क्षेत्र ............................................. | १ |
| कानून तथा नियमहरूको असर .................................... | २ |
| कानून तथा नियमहरूको पालनासम्बन्धी उत्तरदायित्व ........ | ३-८ |
| लागू हुने मिति......................................................... | ९ |
| **उद्देश्यहरू** | **१०** |
| **परिभाषा** | **११** |
| **आवश्यकता** | |
| कानून तथा नियमहरूको नियमिततामा लेखापरीक्षकले विचार गर्ने कुरा......................................................... | १२-१७ |
| गैर अनुपालना पहिचान भए वा शंकास्पद देखिएमा लेखापरीक्षण कार्यविधि ............................................... | १८-२१ |
| गैर अनुपालना पहिचान भए वा शंकास्पद देखिएमा सो को प्रतिवेदन प्रस्तुती ...................................................... | २२-२८ |
| अभिलेखीकरण (Documentation).............................. | २९ |

| | |
|---|---|
| **लागू हुने तथा अन्य वित्तीय विवरणको पुष्टी गर्ने विषयबस्तुहरू** | |
| कानून तथा नियमहरूको नियमितताका लागि उत्तरदायित्व .. | क१-क६ |
| कानून तथा नियमहरूको नियमितताका लागि लेखापरीक्षकले विचार गर्ने कुरा ........................................................ | क७-क१२ |
| गैर अनुपालना पहिचान भए वा शंकास्पद देखिएमा लेखापरीक्षण कार्यविधि ................................................ | क१३-क१८ |
| गैर अनुपालना पहिचान भए वा शंकास्पद देखिएमा प्रतिवेदन प्रस्तुती ................................................................ | क१९-क२० |
| अभिलेखीकरण (Documentation)................................ | क२१ |


*वित्तीय विवरणको लेखापरीक्षणमा कानून तथा नियमहरूका वारेमा विचार गर्नुपर्ने कुराका सम्बन्धमा नेपाल लेखापरीक्षणमान २५० लाई स्वतन्त्र लेखापरीक्षकका सम्पूर्ण उद्देश्य तथा नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण सञ्चालन सम्बन्धी ने.ले.प.मा. २०० लाई समेत सँगसँगै अध्ययन गरिनु पर्दछ ।*

## परिचय

### यस नेपाल ने.ले.प.मा. को क्षेत्र

१. यस नेपाल लेखापरीक्षणमान (ने.ले.प.मा.) ले वित्तीय विवरणहरूको लेखापरीक्षणमा कानून तथा नियमहरूको पालनाका स्रोतमा लेखापरीक्षकको उत्तरदायित्वका वारेमा व्याख्या गर्छ। अन्य लेखापरीक्षकको आश्वस्तता अनुबन्ध (Assurance Engagement) जसमा विशेष गरी विशेष कानून तथा नियमहरूको पालनाका स्रोतमा छुट्टै परीक्षण वा प्रतिवेदन प्रस्तुत गर्न लेखापरीक्षकको कार्यअनुबन्ध रहन्छ, त्यसमा भने यो ने.ले.प.मा.लागू हुदैन ।

### कानून तथा नियमहरूको प्रभाव /असर

२. कानून तथा नियमहरूको प्रभाव वित्तीय विवरण माथि व्यापकरूपले फरक पर्छ। त्यस्ता कानून तथा नियमहरूको हुने निकायले कानूनी एवं नियमनकारी आधारशिला (Framework) को गठन गर्छन। केही कानून तथा नियमहरूको व्यवस्थाले निकायको वित्तीय विवरणमा प्रत्यक्ष प्रभाव पार्छ र त्यस अवस्थामा त्यस्ता कानून तथा नियमहरूले निश्चित रकमहरूको निर्धारण एवं निकायको वित्तीय विवरणहरूको खुलासा गरेको हुन्छ। निकायको वित्तीय विवरण माथि प्रत्यक्ष प्रभाव नपार्ने तर कार्यसञ्चालनका लागि लागू गरिएका अन्य कानून तथा नियमहरू व्यवस्थापनले पालना गर्नुपर्छ। कतिपय निकायहरू अधिक(Heavily) नियामक उद्योगका रूपमा संचालित हुन्छन् (जस्तै वैंक तथा रसायनिक कम्पनीहरू)। अन्य निकायहरू अधिक(Mainly) कानून तथा नियमहरूको अधिनमा रही सामान्यतया व्यावसायिक उद्देश्यले मात्र सञ्चालनसँग सम्बन्धित रहेका हुन्छन् (जस्तै पेशागत सुरक्षा, स्वास्थ्य र समान रोजगार अवसरसँग सम्बन्धित निकायहरू)। कानून तथा नियमहरूको गैर अनुपालनाले निकायलाई जरिवाना, मुद्दामामिला वा अन्य यस्तै प्रकारका असर पुऱ्याउँछ, जसले वित्तीय विवरण माथि सारयुक्त असर पार्न सक्छ ।

**कानून तथा नियमहरू पालनाका लागि उत्तरदायित्व (सन्दर्भः क१-क६)**

३. निकाय सञ्चालनार्थ लगाईएका त्यस्ता कानून तथा नियमहरूको निरिक्षण गरी सो को व्यवस्था अनुसार भएको कुरा लगायत निकायको वित्तीय विवरणको खुलासा एवं निर्दिष्ट रकमको निर्धारण कानून तथा नियमहरूको पालना साथ वा अनुकूल भएको कुरा सुनिश्चित गर्नु व्यवस्थापनको उत्तरदायित्व हो ।

*लेखापरीक्षकको उत्तरदायित्व*

४. कानून तथा नियमहरूको नियमितताका कारण वित्तीय विवरणको सारयुक्त गलत विवरण (Material Misstatement) पहिचान गर्नमा लेखापरीक्षकलाई सहयोग पुऱ्याउन यो ने.ले.प.मा.मा आवश्यकताहरूको परिकल्पना गरिएको छ। तथापी, गैर अनुपालना भएको कुरा रोकथाम गर्नका लागि लेखापरीक्षक उत्तरदायि हुने छैन र सबै कानून तथा नियमहरूको गैर अनुपालना भएको कुरा लेखापरीक्षकबाट पहिचान हुने सक्ने कुरा अपेक्षा गर्न पनि सकिदैन ।

५. गल्ती वा जालसाझका कारण आर्थिक जानकारीमा लिइएका सम्पूर्ण वित्तीय विवरण सारयुक्त गलत प्रस्तुतिबाट मुक्त रहेका छन् भनी तर्कपूर्ण आश्वस्तता (Assurance) प्रदान गर्नु लेखापरीक्षकको उत्तरदायित्व हुनेछ।[1] वित्तीय विवरणहरूको लेखापरीक्षण गर्दा लेखापरीक्षकले त्यस्ता विवरणहरूको लेखा सम्बन्धमा लागू हुने कानूनी तथा नियमनकारी आधारशिलाहरु (Frameworks) मा ध्यान पुऱ्याउनु पर्छ। लेखापरीक्षणका अन्तरनीहित सिमाका कारण नेपाल लेखापरीक्षणमान[२] अनुसार नै लेखापरीक्षणको उपयुक्त योजना एवं कार्यसञ्चालन गरिएता पनि केही सारयुक्त गतल प्रस्तुती पत्ता लगाउन नसक्ने जोखिम हुनसक्छ जसबाट छुटकारा पाउन सकिदैन । कानून तथा नियमहरूको स्रोतमा, बित्तीय विवरणको गलत प्रस्तुतीलाई

---

१ स्वतन्त्र लेखापरीक्षकका उद्देश्यहरू तथा लेखापरीक्षणको अन्तराष्ट्रिय मान अनुसार लेखापरीक्षकका आचरण सम्बन्धी ने.ले.प.मा.२००, अनुच्छेद ५ ।

२ ने.ले.प.मा.२०० अनुच्छेद क ५१ - क ५२

पत्ता लगाउन लेखापरीक्षकको क्षमतामा अन्तरनिहित सीमाका सम्भाव्य असरहरू बढी गरेर निम्नलिखित कारणहरूमा हुने गर्छ :-

- खासगरी वित्तीय विवरणमा असर नपार्ने तर सिद्धान्ततः निकायको सञ्चालनको उद्देश्यसँग सम्बन्धित थुप्रै कानुन तथा नियमहरू हुनु र त्यस्ता कानून तथा नियमहरूलाई वित्तीय विवरणको प्रतिवेदन प्रस्तुती गर्ने स्रोतमा निकाय को सुचना प्रणालीद्वारा समेट्न नसक्नु ।

- गैरपालनाभित्र त्यस्तो गैरपालना लुकाउने आचरणहरू रहनु जस्तै अनियमित साँठगाठ, किर्ते-जालसाझ, कारोवारको लेखाको अभिलेख नराख्नु, व्यवस्थापन द्वारा नियन्त्रणमा हस्तक्षेप वा लेखापरीक्षकलाई जानीजानी गलत प्रस्तुतीका विवरणहरू दिईनु ।

- यदि कुनै कार्य गैरपालना भए वा नभएको अन्ततः समान्य अदालतद्धारा कानूनी निर्धारण गरिने कानूनी विषय हुनु ।

साधारणतया, वित्तीय विवरणमा दर्शाईएका कारोबार तथा घटनाहरूबाट जति गैरपालना हटाइएको हुन्छ लेखापरीक्षकलाई त्यस्तो गैरपालनाका सम्बन्धमा त्यति नै कम जानकारी वा सो को पहिचान गर्न कठिन हुन्छ ।

६. यो ने.ले.प.मा.ले लेखापरीक्षकको उत्तरदायित्व परिपालनाका सम्बन्धमा देहाय बमोजिमका दुई फरक कानून तथा नियमहरूको श्रेणी विभाजन गर्छ :

(क) सारयुक्त रकमको निर्धारणमा र वित्तीय विवरणमा त्यस्को खुलासामा प्रत्यक्ष प्रभाव पार्ने सामान्यतया पहिचान गरिएका त्यस्ता कानून तथा नियमहरूका व्यवस्थाहरू जस्तै कर तथा निवृतिभरण (पेन्सन) सम्बन्धी कानून तथा नियमहरू (हेनुहोस् अनुच्छेद १३) र ,

(ख) अन्य कानून तथा नियमहरू जसले वित्तीय विवरणमा खुलासा र रकमको निर्धारणमा प्रत्यक्ष प्रभाव पार्दैनन् तर निकायले व्यवसाय सञ्चालन गर्न वा सारयुक्त दण्ड जरिवानाबाट छुटकारा पाउन व्यवसायको कार्यसञ्चालनका पक्षहरूको लागि महत्वपूर्ण हुने त्यस्तो नियमिततामा प्रत्यक्ष असर पार्छन् । (उदारणका लागि सञ्चालन इजाजतका शर्त हरूको पालना, नियमनकारी तरल योग्यता (Solvency) आवश्यकताहरूको पालना वा बातावरणीय नियमको पालना यस्ता कानून तथा नियमहरूको गैर अनुपालनाका कारण वित्तीय विवरणमा सारभूर्त असर हुन सक्छन् (हेर्नुहोस् अनुच्छेद १४) ।

७. यो ने.ले.प.मा.मा भिन्न (Differing) आवश्यकताहरू माथि उल्लेख गरिएका कानून तथा नियमहरूको प्रत्येक श्रेणीमा विशेषीकृत गरिन्छ । अनुच्छेद ६ (क) मा उल्लेखित श्रेणीका लागि लेखापरीक्षकको उत्तरदायित्व कानून तथा नियमहरूको नियमितता गर्ने सम्बन्धमा महत्वपूर्ण र उपयुक्त लेखापरीक्षका प्रमाणहरू प्राप्त गर्नु हो । प्रकारण ६(ख) मा उल्लेखित श्रेणीका लागि लेखापरीक्षकको उत्तरदायित्व वित्तीय विवरणमा सारपूर्ण प्रभाव पार्ने त्यस्ता कानून तथा नियमहरूको गैर अनुपालना पहिचान गर्न सहयोग पुग्ने विशिष्टीकृत गरिएका लेखापरीक्षणका कार्यविधिहरू अपनाउने स्रोतमा सीमित गर्नु हो ।

८. वित्तीय विवरण माथिको राय बनाउने उद्देह्यका लागि अन्य लेखापरीक्षकका कार्यविधि लागू गर्नाले, पहिचान गरिएका वा शंकास्पद देखिएका कानून तथा नियमहरूको गैर अनुपालनाका तथ्यहरू लेखापरीक्षकको ध्यानमा आउने सम्भाव्यताका वारेमा यस ने.ले.प.मा.द्वारा लेखापरीक्षक सचेत हुन आवश्यक छ । निकायलाई असर गर्ने कानून तथा नियमहरूको सीमा उल्लेख गरिएको अवस्थामा, ने.ले.प.मा.२००[३] को आवश्यकता अनुरूप यस स्रोतमा लेखापरीक्षण

३ ने.ले.प.मा. २०० अनुच्छेद१५

अवधिभर पेशागत आलोचनात्मक संसयता (Professional Skepticism) वनाई राख्नु आवश्यक छ ।

## लागू हुने मिति

९. यो ने.ले.प.मा. नेपाल चार्टर्ड एकान्टेन्ट्स संस्थाबाट अंग्रेजी संस्करण लागु भए अनुसार सोही मिति देखि यो ने.ले.प.मा. कार्यन्वयन हुनेछ ।

## उद्देश्यहरू

१०. लेखापरीक्षकका उद्देश्यहरू यस प्रकार हुनेछन् :-

(क) साररयुक्त रकमको (Material Amount) निर्धारण र वित्तीय विवरणमा खुलासाहरूमाथि प्रत्यक्ष प्रभाव पार्ने सामान्यतया लागू गरिएका कानून तथा नियमहरूको नियमितता सम्बन्धी पर्याप्त उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गर्नु,

(ख) वित्तीय विवरणमा सारयुक्त प्रभाव पार्ने अन्य कानून तथा नियमहरूको गैरपालनाका तथ्यहरू/उदारणहरू पहिचान गर्न सहयोग पुऱ्याउने लेखापरीक्षण कार्यका विशेषीकृत कार्य विधिहरू सम्पादन गर्नु ,

(ग) लेखापरीक्षणको अवधिमा कानून तथा नियमहरूको पालनामा गैरपालना वा शंकास्पद गैर अनुपालनाहरू उपयुक्त तरिकाले प्रत्युक्ति वा सम्बोधन गर्नु ।

## परिभाषा

११. लेखापरीक्षणको अन्तराष्ट्रिय मानको उद्देश्यका लागि देहायका शब्दको परिभाषा देहाय बमोजिम गरिएको छ ।

गैर अनुपालना (Non-Compliance) : प्रचलित कानून तथा नियमविपरीत जानाजान वा अज्ञानतावश कुनै निकायद्धारा कुनै कार्य गर्नु वा नगर्नु गैर अनुपालना हो । त्यस्तो कार्यभित्र शासकिय ब्यवस्था

बहन गर्ने त्यस्ता अख्तियारी, व्यवस्थापन वा कर्मचारीद्धारा निकायको तर्फबाट वा निकायको नाममा प्रविष्ट गराउने कारोबारहरू पर्दछ। गैर अनुपालना भित्र शासकिय ब्यवस्था बहन गर्ने त्यस्ता अख्तियारी, व्यवस्थापन वा कर्मचारीद्धारा गरिएको व्यक्तिगत गैर अनुपालना ( निकायको व्यावसायिक क्रियाकलापसँग असान्दर्भिक) पर्दैन ।

**आवश्यकताहरू**

## कानून तथा नियमहरूको नियमिततामा लेखापरीक्षकले विचार गर्नेपर्नु कुरा

१२. ने.ले.प.मा.३१[४] अनुसार लेखापरीक्षकले निकाय एवं त्यसको वाातावरणका सम्बन्धमा जानकारी प्राप्त गर्ने स्रोतमा निजले सामान्यतया देहायका कुरामा समेत जाकारी राख्नुपर्दछ :-

(क) निकाय तथा उद्योगका हकमा लागू हुने कानूनी एवं नियमनकारी आधारशिला (Regulatory Framework) वा निकाय सञ्चालन गरिने क्षेत्र, र

(ख) निकायले त्यस्ता संरचनाहरूको पालना के कसरी गरिरहेको छ भन्ने सम्बन्धमा (सन्दर्भ: अनुच्छेद क७) ।

१३. सारयुक्त (Material) रकमको निर्धारण र वित्तीय विवरणमा त्यस्को खुलासामा प्रत्यक्ष प्रभाव पार्ने त्यस्ता कानून तथा नियमहरूका व्यवस्था अनुरूप सामान्यतया पहिचान गरिएका नियमितताका (Compliance) सम्बन्धमा लेखापरीक्षकले पर्याप्त उपयुक्त लेखापरीक्षण प्रमाणहरू पत्ता लगाउने छ। (सन्दर्भअनुच्छेद ८)

१४. वित्तीय विवरणमा सारयुक्त (Material) प्रभाव पार्ने अन्य कानून तथा नियमहरूको गैर अनुपालना (Non-Compliance) भएको कुराको तथ्य वा प्रमाण पत्ता लगाउन सहयोग पुऱ्याउन लेखापरीक्षकले देहायको लेखापरीक्षण कार्यविधि सम्पादन गर्नेछ।(सन्दर्भअनुच्छेद क९-क१०)

४ ने.ले.प.मा. ३१५ निकाय र उसको वातावरण मार्फत जानकारी लिई सारयुक्त जोखिम पहिचान गरी मूल्याङ्न गर्ने। अनुच्छेद ११

(क) निकायले त्यस्ता कानून तथा नियमहरूको पालना गरे नगरेको बारेमा व्यवस्थापन र आवश्यकता अनुसार शासकिय व्यवस्था वहन गर्ने त्यस्ता अख्तियारीहरूलाई सोधपुछ गर्ने, र

(ख) सम्बन्धित इजाजतपत्र वा नियमनकारी अख्तियारीसँग कुनै पत्राचार भएको भए सो सम्बन्धी निरिक्षण गर्ने ।

१५. लेखापरीक्षणको अवधिमा लेखापरीक्षकको ध्यान (Attention) मा रहेका लेखापरीक्षणका कार्यविधिहरू प्रयोग गर्दा कानून तथा नियमहरूको गैर अनुपालना (Non-Compliance)वा शंकास्पद गैर अनुपालना हुन सक्ने सम्भाव्यता तर्फ लेखापरीक्षक सजग रहनु पर्छ ।

१६. गैर अनुपालना (Non-Compliance) का सम्बन्धमा जानकारीमा आएका सवै तथ्यहरू लिखित रूपमा उजागर गरी उपलब्ध गराउन वा कानून तथा नियमहरूसँग देखिएका शंकास्पद गैर अनुपालना (Non-Compliance)जस्को असरहरूको बारेमा वित्तीय विवरण तयारी गर्दा विचार गरिएका तथ्यहरू लेखापरीक्षक समक्ष खुलासा गर्न निजले व्यवस्थापन र आवश्यकता अनुसार शासकिय व्यवस्था बहन गर्ने अख्तियारीलाई अनुरोध गर्नेछ ।

१७. अनुच्छेद १२-१६ मा निर्दिष्ट गरिए देखि बाहेक निकायको कानून तथा नियमहरूको अनुपालना (Compliance) का सम्बन्धमा पहिचान गरिएका वा शंकास्पद देखिएका गैर अनुपालना (Non-Compliance) को अनुपस्थितिमा लेखापरीक्षकले लेखापरीक्षण कार्यविधि सम्पादन गर्न आवश्यक छैन ।

**गैर अनुपालना (Non-Compliance) पहिचान गरिए वा शंकास्पद देखिएमा लेखापरीक्षण कार्यविधिः**

१८. कानून तथा नियमहरू सँग देखिएका गैर अनुपालना (Non-Compliance) वा शंकास्पद गैर अनुपालना वा कुनै तथ्य सम्बन्धी जाकारीका सम्बन्धमा यदि लेखापरीक्षक सचेत भएमा , निजले देहायका कुरा प्राप्त गर्ने छ : (सन्दर्भअनुच्छेद क१३)

(क) कार्य तथा परिस्थितिहरूको प्रकृति जसमा ति घटेका छन्, सो को जानकारी र

(ख) वित्तीय विवरणमा सम्भाव्य असरहरूको मूल्याङ्कनसंग सम्बन्धित अन्य बढी थप जानकारी ।

१९. यदि लेखापरीक्षकलाई कुनै गैर अनुपालना भएको छ भन्ने शंका लागेमा त्यस्ता विषयमा व्यवस्थापन समक्ष र आवश्यकता अनुसार शासकिय ब्यवस्था वहन गर्ने त्यस्ता अख्तियारी समक्ष लेखापरीक्षकले छलफल गर्नेछ । निकायले कानून तथा नियमहरूको पालना गरेको कुरालाई सहयोग पुऱ्याउने उपयुक्त र महत्वपुर्ण जानकारीहरू व्यवस्थापन वा शासकिय ब्यवस्था बहन गर्ने त्यस्ता अख्तियारीहरूले उपलब्ध नगराए र वित्तीय विवरणमा सारभूर्त शंकास्पद गैर अनुपालना लेखापरीक्षकको ठहरमा (Judgement) देखिएमा निजले सो सम्बन्धमा कानूनी सल्लाह लिन आवश्यक विचार गर्नेछ । सन्दर्भः (अनुच्छेद क१५-क१६)

२०. यदि शंकास्पद गैर अनुपालना  का बारेमा पर्याप्त जानकारी प्राप्त गर्न नसकिएमा लेखापरीक्षकको रायमा निजले पर्याप्त उपयुक्त लेखापरीक्षण तथ्यहरूको कमीका असर बारे मूल्याङ्कन गर्नेछ ।

२१. लेखापरीक्षकले गैर अनुपालना सम्बन्धी असरहरूको लेखापरीक्षणका अन्य पक्षहरूको सम्बन्धमा साथै जोखिम मूल्याङ्कन (Risk Assessment) र लिखित अभिव्यक्तिहरू (Representation) को सम्भाव्यता समेतको निजले मूल्याङ्कन गर्नेछ र सो सम्वन्धमा उपयुक्त कदम चाल्ने छ । (सन्दर्भः अनुच्छेद क१७-क१८)

## पहिचान गरिएका र शंकास्पद देखिएका गैर अनुपालना (Non-Compliance) को प्रतिवेदन प्रस्तुती

*शासकिय ब्यवस्था वहन गर्ने त्यस्ता अख्तियारीको गैर अनुपालना को प्रतिवेदन प्रस्तुती*

२२.  निकायको व्यवस्थापनमा त्यस्ता शासकिय ब्यवस्था वहन गर्ने अख्तियारी संलग्न नभएसम्म र तिनीहरूलाई लेखापरीक्षकद्धारा[५] पहिचान गरिएका वा शंकास्पद देखिएका गैर अनुपालना सम्बन्धी विषयहरूमा पहिले नै सूचना प्रदान गरी सचेत नगराइएको कारण, स्पष्टरूपमा परिणामसँग असम्बन्धित विषयहरू बाहेक लेखापरीक्षणको कार्य अवधिमा ध्यानमा आएका कानून तथा नियमहरूको गैर अनुपालना संलग्न रहेका विषय त्यस्ता शासकिय ब्यवस्था बहन गर्ने अख्तियारीलाई निजले सूचित गर्ने छ ।

२३.  यदि लेखापरीक्षकको विचारमा अनुच्छेद २२ मा उल्लेखित गैर अनुपालना  सारयुक्त र जानीजानी भएका हो भन्ने लागेमा निजले उक्त विषय सुशासन बहन गर्ने यस्ता अख्तियारीसँग सम्भव भएसम्म चाँडो सञ्चार गर्नुपर्छ ।

२४.  लेखापरीक्षकका दृष्टिमा व्यवस्थापन वा शासकिय ब्यवस्था वहन गर्ने त्यस्ता अख्तियारीहरू गैर अनुपालना मा संलग्न भएको शंका लागेमा, निजले सो विषयमा कार्यन्वयनमा रहेका भए निकायको सो भन्दा माथिल्लो अख्तियारीसँग, सुचना आदान प्रदान गर्नेछ। जस्तै लेखापरीक्षण समिति सँग वा निरीक्षण वोर्डसँग। यदि सो भन्दा माथिल्लो अख्तियारी नभए, वा तिनीहरूले प्रतिवेदन माथि कुनै कारवाही गर्न नसक्ने कुरामा लेखापरीक्षक विश्वस्त भए वा कसलाई प्रतिवेदन प्रस्तुत गर्नुपर्ने भन्ने कुरामा निज आश्वस्त नभए लेखापरीक्षकले त्यस्तो विषयमा कानूनी सल्लाह लिने आवश्यकतामाथि विचार गर्नेछ ।

*लेखापरीक्षकको प्रतिवेदनमा वित्तीय विवरण माथि औंल्याइएको गैर अनुपालना को प्रतिवेदन प्रस्तुती*

२५.  वित्तीय विवरणमाथि कुनै गैर अनुपालनाको (Non-Compliance) सारभूत प्रभाव रहेको कुरा तथा त्यस्ता गैर अनुपालना पर्याप्त मात्रामा

५  ने.ले.प.मा. शासकिय वहन गर्नै अख्तियारीसंग संचार अनुच्छेद १३

वित्तीय विवरणमा प्रतिविम्बित नगरिएको भए लेखापरीक्षकले ने.ले.प.मा.७०५ अनुसार कैफियत सहितको राय (Qualified Opinion) वा वित्तीय विवरणको सम्बन्धमा प्रतिकूल राय (Adverse Opinion) उल्लेख गरी निष्कर्शमा पुग्नेछ ।[६]

२६. गैर अनुपालना हरू वित्तीय विवरणमा सारभूर्त रहका छन् भन्ने कुरा मूल्याङ्कन गर्न पर्याप्त उपयुक्त लेखापरीक्षण प्रमाणहरू वा तथ्यहरू प्राप्त गर्न व्यवस्थापन वा शासकिय ब्यवस्था बहन गर्ने अख्तियारीद्वारा लेखा परीक्षकलाई रोकिए वा रोक्ने सम्भावना देखिए निजले कैफियत सहितको राय (Qualified Opinion) वा ने.ले.प.मा.७०५ अनुसार लेखापरीक्षणका कार्यक्षेत्रका सिमाका आधारमा वित्तीय विवरणमाथि सहमत नभएको राय दिनेछ ।

२७. व्यवस्थापन वा सुशासन बहन गर्ने अख्तियारीहरू भन्दा पनि परिस्थितिद्वारा लागू गरिएका सिमाका कारण यदि गैर अनुपालना भएको छ वा छैन भनी निर्धारण गर्न लेखा परीक्षक असफल भए लेखा परीक्षकले निजको रायमा ने.ले.प.मा.७०५ अनुसार प्रभावहरूको मूल्याङ्कन गर्नेछ ।

*नियमनकारी एवं कार्यान्वयन अख्तियारीको गैरपालनाको प्रतिवेदन प्रस्तुति*

२८. यदि लेखापरीक्षकले कानून तथा नियमहरूको गैर अनुपालना पहिचान गर्ने वा शंकास्पद देखेमा, निजले निकायदेखि वाहिरका पक्षहरूलाई पहिचान गरिएका वा शंकास्पद देखिएका गैर अनुपालनाको प्रतिवेदन दिने वा नदिने भन्ने लेखापरीक्षकको उत्तरदायित्वका सम्बन्धमा निर्क्यौल गर्नेछ । (सन्दर्भः अनुच्छेद क१९ - क२०)

## अभिलेखीकरण (Documentation)

२९. कानून तथा नियमहरूको सम्बन्धमा पहिचान गरिएका र शंकास्पद देखिएका गैरपालना र व्यवस्थापनसँग गरिएका छलफलका परिणामहरू साथै आवश्यकता अनुसार शासकिय ब्यवस्था बहन गर्ने त्यस्ता

६ ने.ले.प.मा. ७०५ स्वतन्त्र लेखापरीक्षकको परिमार्जित रायको प्रतिवेदन । अनुच्छेद ७-८

अख्तियारीहरू एवं निकायभन्दा वाहिरका अन्य पक्षहरूसँग गरिएका छलफलका बुँदा समेत लेखापरीक्षण अभिलेखीकरणमा लेखा परीक्षकले समावेश गर्नेछ ।[७]

***

**प्रयोग र अन्य स्पष्टीकरणका सामग्रीहरू**

**कानून तथा नियमहरूको पालनाका लागि उत्तरदायित्व (सन्दर्भः अनुच्छेद ३–८)**

क१. शासकिय व्यवस्था बहन गर्ने अख्तियारीको काम कारवाहीको निरिक्षणसाथ साथै कानून तथा नियमहरूको अनुपालना (Compliance) अनुसार निकाय सञ्चालनमा रहेको छ भन्ने कुरा सुनिश्चित गर्नु व्यवस्थापनको उत्तरदायित्व हो । निकायको वित्तीय विवरणहरूमा कानून तथा नियमहरूले विभिन्न पक्षमा असर पार्न सक्छ : उदाहरणका लागि, वित्तीय विवरणमा निकायको आवश्यकताहरूको विशेष खुलासामा यसले प्राय प्रत्यक्ष प्रभाव पार्छ र तिनीहरू वित्तीय प्रतिवेदनको संरचनाको प्रयोगमा उल्लेख गर्न सकिन्छ । तिनीहरूले निकायको निश्चित कानूनी अधिकार र दायित्वको स्थापना गर्न सक्छन् र ती मध्ये कतिपय निकायको वित्तीय विवरणमा पहिचान गरिने छन् । गैर अनुपालनाका सम्बन्धमा त्यस्ता कानून तथा नियमहरूले अतिरिक्त रूपमा दण्ड जरिवाना लगाउन सक्छ ।

क२. कानून तथा नियमहरूको गैर अनुपालना (Non-Compliance) को रोकथाम र पहिचानमा सहयोग पुऱ्याउन निकायले विभिन्न नीति तथा कार्यविधिहरू लागू गर्न सक्छ । उदाहरणका लागि त्यस्ता नीति तथा कार्यविधिहरू देहाय बमोजिम हुनेछन् :

- कानूनी आवश्यकताहरूको अनुगमन तथा त्यस्ता आवश्यकताहरू प्राप्त गर्न बनाइएका सञ्चालन कार्यविधिहरूको आश्वस्तता ।

---

७ ने.ले.प.मा.२३० लेखापरीक्षण अभिलेखीकरण अनुच्छेद८-११ र क ६ ।

- आन्तरिक निगरानीका लागि उपयुक्त प्रणालीको स्थापना र सञ्चालन ।
- आचार संहिताको निर्माण, प्रकाशन र पालना ।
- कर्मचारीहरूले आचारसंहिताबारे पर्याप्त जानकारी राखेका छन् र सो विषयमा अभ्यस्त छन् भन्ने कुराको आश्वस्तता ।
- आचार संहिताको अनुगमन र कर्मचारीहरू जो आचार संहिता पालना गर्न असफल कर्मचारीहरूलाई अनुशासित बनाउन ठीक सँग कार्य गर्नु ।
- कानूनी आवश्यकताहरूको अनुगमनमा सहयोग गर्न कानूनी सल्लाहाकारको अनुबन्ध

ठूला निकायहरूको स्रोतमा देहाय वमोजिमका कुरालाई उपयुर्क्त उत्तरदायित्व प्रदान गरी त्यस्ता नीति तथा कार्यविधिहरूलाई परिपूर्ण गर्न सकिन्छ :-

- आन्तरिक लेखापरीक्षण कार्य ।
- लेखापरीक्षण समिति ।
- नियमितता सम्बन्धी कार्य ।

*लेखापरीक्षकको उत्तरदायित्व*

क३. निकायद्वारा गरिएको कानून तथा नियमहरूको गैर अनुपालना (Non-Compliance) ले वित्तीय विवरणको सारभूर्त गलत प्रस्तुती को परिणाम निकाल्छ । गैर अनुपालनाको पहिचानले सारयुक्त वा जे भएता पनि लेखापरीक्षणका अन्य पक्षहरूलाई समेत असर पार्छ, उदाहरणका लागि लेखापरीक्षकले कर्मचारी वा व्यवस्थापनको इमान्दारीतामा विचार गर्नुपर्ने पक्ष ।

क४. यदि कुनै कार्यले कानून तथा नियमहरूको गैर अनुपालना (Non-Compliance) स्थापित गर्छ भने त्यो कानूनी निर्धारणको विषय हुन्छ,

त्यस्तो विषय साधारणतया निर्धारण गर्नु लेखापरीक्षकको पेशागत सक्षमताभन्दा बाहिर रहन्छ । जे भएतापनि,

क५. विशेष बैधानिक आवश्यकताहरू (Specific Statutory) अनुसार, लेखापरीक्षकले कानून तथा नियमहरूको निश्चित व्यवस्थाहरू निकायले पालना गरे नगरेको कुराको लेखापरीक्षण गर्दा विशेष गरी वित्तीय विवरणको एक भागका रूपमा प्रतिवेदन गर्न आवश्यक पर्छ । यस्तो अवस्थामा, ने.ले.प.मा. ७००[८] र ने.ले.प.मा.८००[९] लेखापरीक्षकको प्रतिवेदनमा लेखापरीक्षणका उत्तरदायित्वहरू कसरी निर्देशित गर्ने भन्ने बारेमा लागू हुन्छ । अझ वढी गरेर, विशेष वैधानिक प्रतिवेदन प्रस्तुत गर्नु पर्ने भएमा कानून तथा नियमहरूको प्रावधानहरूको नियमितताका (Compliance) लागि उपयुक्त जाँच समावेश गर्न लेखापरीक्षण योजनाको आवश्यक पर्नेछ ।

सार्वजनिक निकायहरूका हकमा विशेष विचार पुऱ्याउनु पर्ने कुराहरू

क६. सार्वजनिक क्षेत्रका हकमा लागू हुने कानून तथा नियमहरूको विचार गर्ने स्रोतमा थप लेखापरीक्षण उत्तरदायित्व हुनेछ, जुन वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित हुन्छन् वा निकायको सञ्चालनका अन्य पक्षहरूसँग सीमांकन गरिएको हुन्छ ।

## कानून तथा नियमहरूको अनुपालना (Compliance) मा लेखापरीक्षकले विचार पुऱ्याउने कुराहरू

*कानून एवं नियमनकारी संरचनाको जानकारी प्राप्त गर्न (सन्दर्भः अनुच्छेद १२)*

क७. कानूनी एवं नियमनकारी संरचानाको जानकारी प्राप्त गर्न र त्यस्ता संरचनाको पालना निकायले कसरी गरिरहेको छ भन्ने जानकारी प्राप्त गर्न लेखापरीक्षकले देहायको कुरा गर्नेछ :-

---

८ ने.ले.प.मा. ७००, “वित्तीय विवरणको प्रतिवेदन र राय निर्माण ” अनुच्छेद३८

९ ने.ले.प.मा. ८००, “विशेष उद्देश्य संरचना अनुसार तयार पारिने वित्तीय विवरणको लेखा परीक्षण-विशेष ध्यान दिनु पर्ने कुरा”, अनुच्छेद ११

- निकायसँगको उद्योग, नियम र अन्य बाह्य तत्वको वारेमा लेखापरीक्षकले लिएका जानकारीको प्रयोग ,
- प्रत्यक्ष रूपमा वित्तीय विवरणको निर्दिष्ट रकम र खुलासा निर्धारण गर्न प्रयोग हुने त्यस्ता कानून तथा नियमहरू वारेको जानकारीको अद्यावधिक,
- अपेक्षित रूपमा निकायको सञ्चालनमा आधारभूत प्रभाव पार्ने अन्य कानूनी तथा नियमहरूको सम्बन्धमा व्यवस्थापनलाई सोधपुछ ,
- कानून र नियमहरूको पालनाको लागि निकायले ग्रहण गरेका नीति र कार्यविधिहरूको सम्वन्धमा व्यवस्थापनसंग सोधपुछ,
- मुद्दामामिला दावी गर्ने सम्बन्धमा पहिचान, मूल्याङ्कन र लेखाका लागि लागू गरिएका नीति तथा कार्यविधिहरू बारे व्यवस्थापनलाई सोधपुछ ,

*वित्तीय विवरणको खुलासा र सारयुक्त रकमको निर्धारणमाथि प्रत्यक्ष प्रभाव रहने सामान्यतया पहिचान भएका कानून तथा नियमहरू (सन्दर्भ: अनुच्छेद १३)*

क८. निश्चित कानून तथा नियमहरू स्थापित भईसकेका हुन्छन्, जुन कुरा निकाय र निकाय अर्न्तगतको उद्योग वा क्षेत्रमा परिचित हुन्छन् र निकायको वित्तिय विवरण संग सम्वन्धित हुन्छन् (अनुच्छेद ६क अनुरूप बर्णन गरिएका)। तिनीहरूभित्र देहायका विषय सँग सम्बन्धित विषयहरू संलग्न हुन्छन् , उदाहरणका लागि :

- वित्तीय विवरणको विषयबस्तु र सो को खाका,
- उद्योग विशेष वित्तीय प्रतिवेदन सम्बन्धी कुराहरू,
- सरकारी सम्झौता अन्तर्गत भएका कारोबारको लेखा वा
- आयकर वा निवृतिभरणको तिनुपर्ने खर्च वा सो को पहिचान ।

कानून तथा नियमहरूका केही व्यवस्थाहरू वित्तीय विवरणका विशेष प्रस्तुतीहरू सँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन सक्छन् । (जस्तैः सम्पूर्ण आयकरका व्यवस्थाहरू) जब अन्य व्यवस्थाहरू वित्तीय विवरणमा सारयुक्तरूपमा सम्वन्धित हुन सक्छन् (जस्तै वित्तीय विवरणको पूर्ण खाकाका रूपमा स्थापित आवश्यक स्पोष्टोक्तीहरू) अनुच्छेद १३ का आवश्यकताहरूको उद्देश्य त्यस्ता कानून तथा नियमहरूको सम्बन्धित व्यवस्थाहरूको नियमितता (Compliance) कायम गर्दै वित्तीय विवरणमा रकमको निर्धारण र खुलासाहरूको निर्धारण गर्न लेखापरीक्षकले सो सम्बन्धमा उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गर्नु हो ।

त्यस्ता नियम तथा कानूनहरूका अन्य प्रावधानहरू र अन्य कानून तथा नियम हरूको गैर अनुपालनाको परिणाम निकायका लागि जरिवाना, मुद्दामामिला र अन्य यस्तै प्रकारको हुन सक्छ, यस्तो लागत बित्तीय विवरणमा उल्लेखित हुनुपर्ने आवश्यकता देखिन्छ तथापी अनुच्छेद ६(क) मा उल्लेख भए अनुरूप वित्तीय विवरणमा प्रत्यक्ष प्रभाव पार्ने कुरालाई विचार गरिदैन् ।

*अन्य कानून तथा नियमहरूको गैर अनुपालना (Non-Compliance) का तथ्यहरू पत्ता लगाउने कार्यविधिहरू (सन्दर्भः अनुच्छेद १४)*

क९. लेखापरीक्षकको निश्चित अन्य कानून तथा नियमहरूमा ध्यान पुऱ्याउनु पर्छ किनभने त्यस्ता कानून तथा नियमहरूले निकायको सञ्चालनमा आधारभूत प्रभाव पारेका हुन्छन् । (अनुच्छेद ६ (ख) मा उल्लेख भए अनुसार) । नियम तथा कानूनको गैर अनुपालना (Non-Compliance) ले निकायको सञ्चालनमा आधारभूत असर उत्पन्न गर्छ जस्का कारण निकायको सञ्चालन बन्द हुन सक्छ वा निकायको निरन्तर सञ्चालनमा प्रश्नचिन्ह खडा हुन सक्नेछ । उदाहरणका लागि निकाय सञ्चालनको इजाजतपत्र सम्बन्धी कानून तथा नियमहरूको गैर अनुपालना वा यस्को सञ्चालन सम्पादन गर्ने अन्य कानूनी अधिकार (Entitlement) ले (जस्तै वैकले पूँजी वा लगानी आवश्यकताहरूको पालना नगर्नु) यस प्रकारको असर पार्न सक्छ । निकायको संलाचन

पक्षमा लागू हुने तर निकायको वित्तीय विवरणमा स्पष्टसँग प्रत्यक्ष प्रभाव नपार्ने धेरै नियम तथा कानूनहरू हुन सक्छन् र वित्तीय प्रतिवेदनमा सम्वन्धित रहने निकायको सूचना प्रणालीले आवद्ध गर्न सकेका हुदैनन् ।

क१०. अन्य कानून तथा नियमहरू का वित्तीय प्रतिवेदन प्रस्तुतीका परिणामहरू निकायको सञ्चालन अनुसार पर्ने हुँदा अनुच्छेद १४ मा उल्लेखित लेखापरीक्षण कार्यविधि आवश्यक्ताहरूलाई वित्तीय विवरणमा सारयुक्त प्रभाव पार्ने त्यस्ता कानून तथा नियमहरूको गैर अनुपालनाका तथ्यहरू प्रत्यक्ष रूपमा लेखा परीक्षकको ध्यानाकर्षणमा ल्याइएको भए सो ले समेत फरक पार्न सक्छ ।

*अन्य लेखापरीक्षण कार्यविधिद्धारा गैर अनुपालनाका सम्बन्धमा लेखा परीक्षकको ध्यान आकर्षण भएमा (सन्दर्भ: अनुच्छेद १५)*

क११. बित्तीय विवरणमाथि राय निर्माणमा लागू भएका लेखापरीक्षक कार्यविधिहरूले, कानून तथा नियमहरूको गैर अनुपालना वा शंकास्पद गैर अनुपालना का तथ्यहरू ल्याउन लेखापरीक्षकको ध्यान आकर्षण हुन सक्छ । उदाहरणका लागि त्यस्ता लेखापरीक्षण कार्यविधिभित्र देहायका कुरा संलग्न हुन सक्छन् ।

- अध्ययनका माइन्यूटहरू ,
- व्यवस्थापनसँग गरिएको छलफल र आन्तरिक कानून परामर्श वा मुद्दामामिला दावी, मूल्याङ्कनका सम्बन्धमा बाह्य कानूनी परामर्श र
- कारोवार, खाताको मौज्दात वा खुलासाहरूको प्रकारको सारयुक्त जाँच सम्पादनका विस्तृत विवरण ।

*लिखित स्पोष्टोक्ति/अभिव्यक्तिहरू (सन्दर्भ: अनुच्छेद १६)*

क१२. कानून तथा नियमहरूका वित्तीय विवरणमा पर्याप्त प्रभाव पर्न सक्ने कारणले कानून तथा नियमहरूको सन्बन्धमा पहिचान गरिएका र शंकास्पद देखिएका गैर अनुपालना (Non-Compliance) को

व्यवस्थापनको ज्ञान बारे, लिखित अभिव्यक्तिहरूले आवश्यक लेखापरीक्षण प्रमाण उपलब्ध गराउँछ, जस्को असरले वित्तीय विवरणमा सारयुक्त (Material) प्रभाव हुन सक्छ। तापनि, लिखित अभिव्यक्तिहरू आफैले पर्याप्त उपयुक्त लेखापरीक्षण प्रमाण उपलब्ध गराउदैन र त्यसैगरी लेखापरीक्षकले प्राप्त गर्ने अन्य लेखापरीक्षण प्रमाणको प्रकृति र सीमाको असर पनि उपलब्ध गराउदैन ।[१०]

**पहिचान वा शंकास्पद गैर अनुपालनाको लेखापरीक्षण कार्यविधि**

*कानून तथा नियमहरू सँग देखिएका गैर अनुपालनाको पहिचान(सन्दर्भ:: अनुच्छेद १८)*

क१३. यदि लेखापरीक्षकलाई देहाय बमोनिमका विषयहरूमा थाहा भएमा वा जानकारी भएमा, सो ले कानून तथा नियमहरूको गैर अनुपालना (Non-Compliance) भएको संकेत गर्नेछ :

- नियमनकारी संगठन वा सरकारी नियकाद्धारा अनुसन्धान भएको वा जरिवाना वा दण्ड वुझाएको ।
- नतोकिएका सेवाहरू मा भुक्तानी गरेको वा सम्बन्धित पक्षहरू कर्मचारीहरू वा सरकारी कर्मचारीलाई सल्लाहाकार ऋण प्रदान गरेको ।
- निकायले सामान्यतया आफ्नो वा सो अर्न्तगतको उधोगमा तिर्ने गरेको वा वास्तविक रूपमा प्राप्त गरेको सेवाहरूको तुलनामा ज्यादै बढि देखिने गरि विक्री कमिशन वा प्रतिनिधि वापतको शुल्क लिएको ।
- बजार मूल्य भन्दा स्पष्टरूपले घटी वा बढी मूल्यमा खरिद गरिएमा ।
- अस्वाभाविक नगद भुक्तानी, क्यासियरको फर्मबाट खरिद, वेयरर चेक वा उल्लेख्य संख्यामा वैकमा ट्रान्सफर ।

१० "ने.ले.प.मा.५८० लिखित अभिव्यत्तिःहरू अनुच्छेद४"

- कर छुट (Tax Havens ) का रूपमा दर्ता भएका कम्पनीहरूसंग अस्वाभाविक कारोवारहरू ।
- आफनो मुलुकका वस्तु वा सेवाहरू भन्दा वाहिर उत्पति भएका वस्तु तथा सेवाहरूमा भुत्तानी गरेमा ।
- उपयुक्त विनिमय सटही विना नै भुक्तानी गरिएको देखिएमा ।
- उपयुक्त लेखापरीक्षण जाँच वा पर्याप्त प्रमाण/तथ्यहरू उपलब्ध गराउन असफल सूचना प्रणालीको स्थापना चाहे त्यो जानीजानी वा भूलवस गरिएको भएता पनि ।
- अख्तियारी विना गरिएको कारोवारहरू वा अनुपयुक्त तरिकाले कारोवार को अभिलेख गरिएको ।
- विपरित मिडिया टिप्पणी

*लेखापरीक्षकको मूल्याकंनसँग सम्बन्धित विषयहरू (सन्दर्भ: अनुच्छेद १८ (ख)*

क१४. वित्तीय विवरणको सम्भाव्य असरहरू लेखापरीक्षकको मूल्याङ्कन सँग सम्वन्धित विषयहरूभित्र देहायका कुराहरू पर्छन :

- वित्तीय विवरणमा कानून तथा नियमहरूको गैर अनुपालना (Non-Compliance) ले पार्ने सम्भाव्य (Potential) वित्तीय परिणामहरू, उदाहरणका लागि यो भित्र शुल्क, दण्ड, नोक्सानी, सम्पति अधिकरणको डर, सञ्चालनमा रोक लगाउनु र मुद्दामामिला पर्छन् ।
- सम्भाव्य वित्तीय परिणामहरूलाई खुलासाको आवश्यकता पर्छै कि पर्दैन भन्ने वारे ।
- वित्तीय विवरणको प्रस्तुती कानून तथा नियम वमोजिम नभएको भनि प्रश्न उठाउने वा वित्तीय विवरणलाई नै भ्रामक बनाउने गरि, सम्भाव्य वित्तीय परिणामहरू त्यस हदसम्म गम्भिर (Serious) छन् कि छैनन् भन्ने वारे ।

*लेखापरीक्षण कार्यविधि (सन्दर्भ: अनुच्छेद १९)*

क१५. लेखापरीक्षकले अतिरिक्त लेखापरीक्षण प्रमाण उपलब्ध गराउन सक्षम हुने त्यस्ता शासकिय व्यवस्था बहन गर्ने अख्तियारीसँग अवलोकन (Findings) का सम्बन्धमा छलफल गर्न सक्छ। उदाहरणका लागि, कानून तथा नियमहरूसँग देखिएका गैर अनुपालना (Non-Compliance) श्रृजना गर्ने घटनाहरू वा कारोबारहरूसँग सम्बन्धित परिस्थिति र तथ्यहरूको त्यस्ता शासकिय व्यवस्था बहन गर्ने अख्तियारीहरूसँग समान जानकारी छ वा छैन भन्ने विषयमा लेखापरीक्षक सुनिश्चित हुन सक्छ।

क१६. यदि व्यवस्थापन वा आवश्यकता अनुसार त्यस्ता शासकिय व्यवस्था बहन गर्ने अख्तियारीहरूले कानून तथा नियमहरूको गैर अनुपालना (Non-Compliance) निकायका तथ्यहरू उपलब्ध नगराएमा, लेखापरीक्षकले परिस्थितिहरूका सम्बन्धमा लागू भएका कानून तथा नियमहरू लगायत, सम्भाव्य जालसाझ वा वित्तीय विवरण माथिका सम्भाव्य असरहरू बारे निजले आवश्यक देखे निकायको आन्तरिक कानूनी सल्लाह वा बाह्य कानूनी सल्लाह लिन सक्ने छ। यदि निकायको आन्तरिक कानूनी सल्लाह लिन उपयुक्त नलागेमा वा त्यो कानूनी सल्लाहाकारको रायमा लेखापरीक्षक सन्तुष्ट नभएमा निजले कानून तथा नियमहरूको निषेध गरी सम्भाव्य कानूनी परिणामका लागि जालसाझको संभावना सम्मिलित भएको देखेमा आफ्नै कानूनी सल्लाहाकारसँग कानूनी सल्लाह लिन र सो सम्बन्धमा के कारवाही अगाडि बढाउन सकिन्छ भन्ने बारेमा कदम उठाउन सक्ने छ।

*गैर अनुपालनाका सम्बन्धहरूको मूल्याङ्कन (सन्दर्भ: अनुच्छेद २१)*

क१७. अनुच्छेद २१ को आवश्यकताका लागि लेखापरीक्षकले लेखापरीक्षणका अन्य पक्षहरूका सम्बन्धमा गैर अनुपालना (Non-Compliance) का सम्बन्धहरूको साथसाथै लेखापरीक्षकको जोखिम मूल्याङ्कन (Risk Assessment) र लिखित अभिव्यक्तिहरूको भरपर्दोपना (Reliability) मूल्याङ्कन गर्नेछ। लेखापरीक्षकद्धारा पहिचान गरिएका गैर अनुपालनाका खास तथ्यहरूको सम्बन्ध विशेष नियन्त्रण क्रियाकलाप र व्यवस्थापन तहको कार्य वा संलग्न कर्मचारी, विशेष गरि निकायभित्र उच्च

अख्तियारीको अनुबन्धबाट उत्पन्न सम्बन्धहरू जुनसुकै भए पनि सो को अनियमित आचरण र लुकाएको (Perpetration and Concealment) सँगको सम्बन्धमाथि भर पर्छ ।

क१८. केही अपबादजन्य घटनाहरूका स्रोतमा, वित्तीय विवरणमा गैर अनुपालना सारयुक्त नभएतापनि व्यवस्थापक वा सुशासन बहन गर्ने अख्तियारीहरूले उपचारात्मक उपायहरू, जो लेखापरीक्षकले उपयुक्त ठऱ्याएको हुन्छ, सो नगरेमा लागू हुने कानून तथा नियमहरूको निषेध नगरेमा फिर्ता (Withdrawl) गर्न संभब भए फिर्ता हुने सम्बन्धमा लेखापरीक्षकले निर्णय लिने विचार गर्नेछ । कार्यअनुबन्धबाट फिर्ता लिनु आवश्यक छ कि छैन भन्ने निर्णय लिदाँ लेखापरीक्षकले कानूनी सल्लाह लिने बारेमा विचार गर्नेछ । यदि कार्य अनुबन्धबाट फिर्ता हुन संभव छैन भने लेखापरीक्षकले वैकल्पिक कार्यहरू गर्नै सम्बन्धमा विचार गर्नेछ यस्तो वैकल्पिक कार्यमा लेखापरीक्षकको प्रतिवेदनमा गैर अनुपालनालाई अन्य Matter Paragraph का रूपमा व्याख्या गर्नु समेत पर्छ ।

**पहिचान गरिएका वा शंकास्पद देखिएका गैर अनुपालना को प्रतिवेदन प्रस्तुति**

*नियमनकारी र कार्यान्वयन अख्तियारीहरूको गैर अनुपालना को प्रतिवेदन प्रस्तुति*

क१९. कानून तथा नियमहरू गैर अनुपालनाका सम्बन्धमा पहिचान गरिएका वा शंकास्पद देखिएमा गैर अनुपालनाका सम्बन्धमा सेवाग्रहीका जानकारी (Client Information) निकाय बाहिरका पक्षहरूलाई उपलब्ध गराउन अव्यवहारिक देखिएमा (Preclude), सो को गोप्यता कायम गर्नु लेखापरीक्षकको पेशागत कर्तव्य हुन्छ । तथापी, लेखापरीक्षकको कानूनी उत्तरदायित्व क्षेत्राधिकार अनुसार फरक हुन सक्छ र केही निश्चित परिस्थितिहरूमा गोप्यता सम्बन्धी कार्यलाई विधान, कानून तथा सामान्यअदातलद्धारा हस्तक्षेप गरिएको हुन सक्छ । केही क्षेत्राधिकारमा वित्तीय संस्थाका लेखापरिक्षहरू सँग कानून तथा नियमहरूको गैर अनुपालनाका घटना/संगति वा शंकास्पद घटना/संगति सुपरीवेक्षण अख्तियारी समक्ष प्रस्तुतगर्न पर्ने वैधानिक

दायित्व रहन्छ। त्यस्तै गरी केही क्षेत्राधिकारहरूमा, गलत अभिव्यक्तिहरूका सम्बन्धमा व्यवस्थापन वा आवश्यकता ठानिएमा त्यस्ता शासकिय ब्यवस्था बहन गर्ने अख्तियारीहरूले त्यस्ता गलतपूर्ण अभिव्यक्तिहरू सच्याउने (Correction) कार्यका सम्बन्धमा कार्यबाही गर्न असफल भए सो विषय अख्तियारीहरू समक्ष प्रतिवेदन गर्ने दायित्व लेखापरीक्षकमा रहने छ। त्यस्ता विषयहरूमा उपयुक्त कार्य सञ्चालनको निर्धारण गर्न लेखापरीक्षकले उपयुक्त कानूनी सल्लाह प्राप्त गर्ने सम्बन्धमा विचार गर्न सक्ने छ।

सार्वजनिक निकायहरूका सम्बन्धमा विशेष विचार गर्नुपर्ने कुराहरू

क२०. सार्वजनिक क्षेत्रसँग सम्बन्धित लेखापरीक्षकद्वारा गैर अनुपालना (Non-Compliance) का तथ्यहरूको प्रतिवेदन विधायक वा अन्य सरकारी निकाय वा लेखापरीक्षकको प्रतिवेदन मा निर्दिष्ट गरिएका त्यस्ता अख्तियारी समक्ष प्रस्तुत गर्नुपर्ने दायित्व वहन गरिन्छ।

**अभिलेखीकरण (Documentation )**

क२१. कानून तथा नियमहरूको सम्बन्धमा पहिचान गरिएका वा शंकास्पद देखिएका गैर अनुपालनाको अवलोकनका सम्बन्धमा लेखापरीक्षकले अभिलेखीकरण गर्दा देहायका कुरा संलग्न गर्न सक्छ, जस्तै :-

- अभिलेख वा कागजातका प्रतिलिपीहरू,
- व्यवस्थापन, सुशासन बहन गर्ने त्यस्ता अख्तियारी वा निकाय वाहिरका पक्षसँग गरिएका छलफलका माइन्यूटहरू।